आज मिति २०८१।०६।०६ गते आइतवारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०८१।८२ वैठक सङ्ख्या: ३६ समय : विहान ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | |
| १९ | सचिव | श्री सुदर्शन भट्टराई | |

सहजकर्ता कर्मचारी:

१. श्री विजय कुमार थापा
२. श्री अमर कुमार श्रीवास्तव
३. श्री प्रकाश रावल

सहयोगी कर्मचारी:

१. श्री दिलिप कुमार भुजेल

Scanned with CamScanner

भुम्लु गाउँ कार्यपालिका बैठक आ.व: २०८१।८२ बैठक सङ्ख्या:३६ मिति २०८१ असोज ०६

**प्रस्तावहरु:**

१. ३५औं बैठक समिक्षा सम्बन्धमा।

२. प्राप्त परिपत्रको जानकारी सम्बन्धमा।

३. जग्गा वर्गीकरणको दररेट निर्धारण सम्बन्धमा।

४. विद्युतीय चुलो अनुमोदन कार्यविधि सम्बन्धमा।

५. महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा।

६. वन तथा वातावरण मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा।

७. विविध।

**निर्णयहरु:**

१. गत ३५औं कार्यपालिकाको बैठकमा भएका निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

२. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त परिपत्र सम्बन्धमा जानकारी लिइयो ।

३. यस भुम्लु गाउँपालिका अन्तर्गतका सबै वडाहरुको जग्गा वर्गीकरण गरी दररेट निर्धारण गरी सिफारिस पठाउने निर्देशन सहित निर्णय गरियो ।

४. यस भुम्लु गाउँपालिकाबाट कोटेशन मार्फत खरिद गरेको विद्युतीय चुलो सर्वसाधरणमा वितरण गर्न कार्यविधि अनुसारको सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

५. महिला सशक्तिकरण कार्यक्रमको लागि यस भुम्लु गाउँपालिकाको कार्यपालिका सदस्य शान्ती ठकुरीको नेतृत्वमा ११ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो।

६. यस भुम्लु गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक वन क्षेत्रको जग्गा उपलब्ध गराएकोमा श्री वन तथा वातावरण मन्त्रालयलाई सर्वसम्मतले धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

७. विविध ।

क) भुम्लु गाउँपालिका वडा नं.७ र ८ को जग्गाको लालपूर्जा सम्बन्धी कार्यको लागि आवश्यक जनशक्ति नियमांनुसार सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

ख) वडा दशैं र तिहारलाई मध्यनजर गरी भुम्लु गाउँपालिका अन्तर्गत सबै वडामा बाटो/नाली सरसफाई तथा मर्मतको लागि विपद् व्यवस्थापन शीर्षकवाट अनुमानित रकम रु.८,४०,०००/- भुक्तानी दिने गरी उक्त कार्य आगाडि बढाउने निर्णय गरियो।

ग) भुम्लु गाउँपालिका भित्रका वजारहरुवाट हुने फोहोर मैला व्यवस्थापनको लागि सिन्धु सरसफाई केन्द्र नामक संस्थालाई उक्त कार्य गर्न स्वीकृति दिने निर्णय गरियो।

घ) भुम्लु गाउँपालिका अन्तर्गत वन शाखाको लागि १ जना वन रेन्जर पदपूर्ति निर्णय गरियो।

ङ) बागमती प्रदेश सरकारबाट स्वीकृत १००० पोखरी निर्माण कार्यक्रमको लागि प्रत्येक वडावाट १० दश वटा पोखरी निर्माण गर्न १ एक हप्ता भित्र प्रस्ताव पेश गर्ने निर्णय गरियो।

च) भुम्लु गाउँपालिकाको आ.व.२०८१/०८२ मा स्वीकृत ५ लाख भन्दा माथिका छोर्देन, माने, गुम्बा निर्माणका योजनाहरुको लागि टेण्डर प्रक्रियामा नगर्ने निर्णय गरियो।

छ) आ.व.२०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटमा तपशिलका क्रमागत योजनाहरु छुट हुन गएकोले आगामी हिउदे अधिवेसनमा अनुमोदन हुने गरी कार्यान्वयन प्रकृयालाई अगि बढाउने निर्णय गरियो ।

तपसिल:

- ९ नं. वडा कार्यालयको तल्ला थप रु.१३ लाख

प्रमुख प्रशासकीय अ...

Scanned with CamScanner

- लप्सेखोला टारीस्वारा लिफ्ट सिँचाई भुम्लु-२ रु.१३ लाख

ज) भुम्लु गाउँपालिका अन्तर्गत १० शैया अस्पताल सञ्चालन गर्नका लागि संघीय स्वास्थ्य मन्त्रालयबाट बजेट माग गर्न पत्राचार गर्ने निर्णय गरियो।

झ) वडा दशै र तिहारलाई लक्षित गरी यस गाउँपालिका अन्तर्गतका बाजारहरु दशै आगाडि अनुगमन गर्ने निर्णय गरियो।

ञ) भुम्लु गाउँपालिका अन्तर्गत रहेका व्यापार/व्यवसायहरुको अनिवार्य रुपमा दर्ता/सूचिकृत र नवीकरण गराउन पुनः पत्राचार गर्ने निर्णय गरियो।

ट) आ.व.२०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटमा तपशिलका योजनाहरुको नाम भुलवस फरक पर्न गएको हुँदा आगामी हिउदे अधिवेसनमा अनुमोदन हुने गरी कार्यान्वयन प्रकृयालाई अगि बढाउने निर्णय गरियो ।

| क्र.सं. | सि.नं. | योजनाको नाम | संशोधित योजना | बजेट रकम |
|---|---|---|---|---|
| १ | ३०९ | मानेडाँडा घट्टेखोला सडक स्तरोन्नति आ.व.२०८०/०८१ को दायित्व | मानेडाँडा घट्टेखोला सडक स्तरोन्नति | ७ लाख |
| २ | ४२२ | ठाडोखोला बन्चरे डाँडा आ.व.२०८०/०८१ को दायित्व | ठूलोपधेरा स्वास्थ्य चौकी हुदै बन्चरेडाँडा सडक तथा बुढाथोकीडाँडा ठाडोखोला सडक निर्माण | १० लाख |
| ३ | ११५ | ५४ किलो देखि वडा कार्यालय सडक स्तरउन्नति वडा नं.०९ | ५४ किलो देखि वडा कार्यालय सडक स्तरउन्नति वडा नं.१० | ३० लाख |

ठ) भुम्लु गाउँपालिका अन्तर्गत सबै वडामा कार्यरत कर्मचारीहरुको चालु आ.व. देखि लागू हुने गरी मासिक हाजिरी सम्वन्धित वडाअध्यक्षबाट प्रमाणित गराई प्रत्येक महिना समाप्त भएको ३ दिन भित्र पेश गर्ने निर्णय गरियो।

ड) यस भुम्लु गाउँपालिकाको सवारीसाधनहरु गाउँपालिका क्षेत्र भित्र र कार्यालय समय भित्र प्रयोग गर्ने साथै बाहिर प्रयोग गर्नु परेमा कार्यालयको अनुमति लिएर जाने अन्यथा कानून बमोजिम कारवाही गर्ने निर्णय गरियो।

ढ) भुम्लु गाउँपालिका अन्तर्गत न्यायिक समितिद्वारा सञ्चालन गर्न लागेको व्यक्तिगत घटना दर्ता तथा नागरिकता सम्वन्धी अभिमुखिकरण कार्यक्रम-२०८१ को कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो।

Scanned with CamScanner